



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २३ गते बिहीबार ❑ 9 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## ६० वर्षमाथिका भेरोसेल लगाएका ज्येष्ठ नागरिकलाई 'बुस्टर डोज' दिइने

**रासस**
**काठमाडौं, २२ मंसिर**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस विरुद्धको खोप लगाएका व्यक्तिलाई खोपको थप मात्रा ('बुस्टर डोज') दिने भएको छ । राष्ट्रिय खोप सल्लाहाकार समितिको सिफारिसका आधारमा ६० वर्षभन्दा माथिका भेरोसेलको दुई मात्रा लगाएका ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिइने भएको हो ।

समितिको सिफारिस र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्डमा परेका ६० वर्षभन्दा माथिका भेरोसेल खोपको दुई मात्रा लगाएका ज्येष्ठ नागरिकलाई एक मात्रा खोप पुनः दिन थालिएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका प्रमुख डा विवेककुमार लालले जानकारी दिनुभयो । राष्ट्रपति विद्यादेवी भण्डारीले पनि स्वास्थ्यमन्त्री विरोध खतिवडा र मन्त्रालयका उच्च अधिकारीसँग यही मङ्सिर १७ गते गर्नुभएको छलफलमा एक चरण खोप लगाइसकेका नागरिकका लागि विशेषज्ञको राय लिएर 'बुस्टर डोज' उपलब्ध गराउन आग्रह गर्नुभएको थियो ।

'भेरोसेल खोपको दुई मात्रा लगाइसकेका ६० वर्षभन्दा माथिका व्यक्तिलाई थप मात्रा (बुस्टर डोज) दिन डब्लुएचओले सिफारिस गरेको छ', उहाँले आज मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, 'सोही सिफारिसलाई खोप सल्लाहकार समितिले नेपालमा पनि ६० वर्षभन्दा माथिका भेरोसेल लगाएका दुई मात्रा लगाएका सबै व्यक्तिलाई तीन महिनापछि एक मात्रा खोप बुस्टर डोज लगाउन सिफारिस गरेको छ। सोही अनुसार मन्त्रालयले गृहकार्य अगाडि बढाइसकेको छ ।' बढीभन्दा बढी जनसङ्ख्या खोप लगाएपछि पनि पुनः थप मात्रा (बुस्टर डोज) दिने उहाँको भनाइ रहेको छ। 'अहिलेको कोरोना भाइरसको भेरियन्टको संक्रमणको जोखिम कति छ । यसभन्दा अगाडि लगाएका खोपले अहिलेको भेरियन्टसँग जुध्न सक्छ कि सक्दैन भन्ने अध्ययनको नतिजा आउँछ भनेबारेमा डब्लुएचओले बुस्टर डोजको अध्ययन गरिरहेको छ। त्यो सबैको परिणामको पुनः आकलन गरेर सरकारले बुस्टर डोजको बारेमा थप निर्णय लिने छ', उहाँले भन्नुभयो ।

केही विशेष अवस्थाका व्यक्तिलाई खोप लगाएपछि जुनस्तरमा रोग प्रतिरोधात्मक क्षमता हुनुपर्ने हो, त्यो नभएपछि त्यस्ता व्यक्तिलाई थप मात्रा (बुस्टर डोज) दिन डब्लुएचओले सिफारिस गरेको छ। यस्तै क्यान्सरका रोग भएका, अङ्ग प्रत्यारोपण गरेका, रोग प्रतिरोधी क्षमता कम भएका (एचआइभी), रोग प्रतिरोधी क्षमता दबाउने औषधि प्रयोग गर्ने व्यक्तिलाई लक्षित गरी एक मात्रा खोप दिनका लागि पनि डब्लुएचओले सिफारिस गरेको छ । विश्वका केही देशले आफ्नूखुशी निर्णय गरेर बुस्टर डोज लगाउने गरेको पाइएको छ तर डब्लुएचओले सबै जनसंख्यालाई समेटेर बुस्टर डोज लगाउनका लागि सिफारिस भने गरेको छैन । 'अझै पनि सबै सदस्य राष्ट्रले बढीभन्दा बढी जनसंख्यालाई खोप लगाउनुपर्दछ।

त्यो सबै जनसंख्यालाई लगाइसकेपछि बल्ल थप मात्र लगाउन पर्दछ भनेको छ,' उहाँले भन्नुभयो। नेपालमा कोभिशिल्ड एस्ट्राजेनिका, भेरोसेल, जोन्सन एण्ड जोन्सन र फाइजर खोप लगाइँदै आइरहेको छ । नेपालमा लक्षित जनसंख्याको ५३.७ प्रतिशतलाई पहिलो मात्रा र ४४.५ प्रतिशतलाई पूर्ण मात्राको खोप लगाइएको छ।

कोरोना भाइरस विरुद्धको खोप कोभिशिल्ड बुधबार छ लाख मात्रा नेपाल आएको छ । कोभ्याक्स सुविधाअन्तर्गत भारतको खोप बुधबार दिउँसो कतार एयरवेजबाट नेपाल आइपुगेको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र चौरसियाले जानकारी दिनुभयो । उहाँका अनुसार खोपलाई टेकुस्थित भण्डारण केन्द्रमा राखिएको छ । बुधबारआएकोसँगै नेपालमा अहिलेसम्म दुई करोड ७८ लाख मात्रा खोप नेपाल आइसकेको उहाँले बताउनुभयो ।

यस्तै बिहीबार अमेरिकाबाट मोडर्ना खोप आउँदैछ । उहाँले बिहीबार १४ लाख मात्रा मोडर्ना खोप नेपाल आउने जानकारी दिनुभयो । मोडर्ना खोप १२ देखि १७ वर्ष उमेरसमूहका बालबालिकालाई लगाइन्छ । सरकारले बालबालिका लागि ४० लाख मात्रा मोडर्ना र ६० लाख मात्रा फाइजर खोप खरिद गरी पुस १५ गतेसम्म ल्याउने तयारी गरेको छ।

## प्रेस चौतारी कास्कीको नवनिर्वाचित समितिको पदस्थापन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ मंसिर**




प्रेस चौतारी नेपाल, कास्की शाखाको आठौं अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको पदस्थापन गरिएको छ। हालै अर्जुन गिरीको नेतृत्वमा सर्वसम्मत नयाँ कमिटी चुनिएको थियो।

पोखरामा बुधबार एक समारोहका बीच निर्वाचन मण्डलले पदस्थापन गराएको हो । नेकपा एमालेका नवनिर्वाचित केन्द्रीय सदस्यसमेत रहेका जिल्ला कमिटि कास्कीका अध्यक्ष कृष्ण थापाको प्रमुख आतिथ्यता एवं पोखरा महानगर कमिटिका अध्यक्ष दिलिप न्यौपानेको विशेष आतिथ्यतामा पदस्थापन गरिएको हो । अध्यक्ष थापाले नेकपा एमालेको नीति र सिद्धान्तलाई आत्मसात् गर्दै जनताको बहुदलीय जनवादलाई जनमानसमा पुऱ्याई वर्तमान राजनीतिक निकासका लागि पार्टीले लिएको कार्यनीतिलाई सञ्चारमाध्यम मार्फत् आम सर्वसाधारणमा पुऱ्याउन प्रेस चौतारीले प्रमुख भूमिका खेल्ने अपेक्षा गरे। मुलुकलाई सही ढंगले सञ्चालन गर्न एमालेको नेतृत्व आवश्यक परेकोबारे जनताले थाहा पाइसकेको भन्दै उनले आसन्न निर्वाचनमा एमालेलाई दुईतिहाई बहुमत दिलाउन प्रेस चौतारीमा आबद्ध पत्रकारहरु पहिलेभैं खट्ने विश्वास लिए।

विशेष अतिथि न्यौपानेले पार्टीलाई प्रचारप्रसार र रचनात्मक कार्यमा सहयोग पुगेकोमा प्रसन्नता व्यक्त गर्दै पार्टी र चौतारी हातेमालो गर्दै अघि बढ्नुपर्ने बताए। निर्वाचन मण्डलका संयोजक दुर्गा भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी कास्कीका संस्थापक अध्यक्ष पूण्य पौडेल, चौतारी गण्डकीका सहईन्चार्ज श्याम कुँवर, अध्यक्ष सुष्मा पौडेल, महासचिव रुद्र श्रीष मगर, प्रदेश कमिटि सदस्य एवं निर्वाचन मण्डल सदस्य राजीप्रसाद लम्साल, प्रेस चौतारी कास्कीका नवनिर्वाचित अध्यक्ष अर्जुन गिरी लगायतले शुभकामना व्यक्त गरेका थिए। नवनिर्वाचित अध्यक्ष गिरीले अहिलेको पूरा टीम जुझारु, क्रियाशील र योग्य रहेको भन्दै आफू अत्यन्त हर्षित रहेको बताए। पदस्थापन पश्चात् नवनिर्वाचित कमिटिका सचिव रञ्जन अधिकारीलाई पूर्व सचिव एवं संयोजक अर्जुन गिरी र निर्वाचन मण्डल संयोजक दुर्गा भण्डारीले माइन्यूट हस्तान्तरण गरेका थिए। निर्वाचन मण्डलका संयोजक भण्डारी, सदस्यहरु विष्णुप्रसाद अधिकारी, ईन्द्रप्रसाद पौडेल, राजीप्रसाद लम्साल र विजय नेपालका साथै निर्वाचन सम्पन्न गर्न गठित अध्यक्ष मण्डलका संयोजक रामकृष्ण ज्ञवाली, श्याम कुँवर, दीपेन्द्र श्रेष्ठ, सुष्मा पौडेल र रुद्र श्रीष मगरलाई मायाको चिनोकासाथ सम्मान गरिएको थियो।

गत मंसीर ३ गते सम्पन्न आठौं अधिवेशनबाट अध्यक्षमा अर्जुन गिरी, उपाध्यक्षमा मोतीसागर अधिकारी, उपाध्यक्ष (महिला) मा बालकुमारी पौडेल (तारा), सचिवमा रञ्जन अधिकारी, सह-सचिवमा ईश्वर देवकोटा, सह-सचिव (महिला) मा उमा आलेमगर र कोषाध्यक्षमा जीवन सुवेदी निर्वाचित भएका थिए।

३० सदस्यीय कमिटिको २३ जना सदस्यहरुमा पुनम थापामगर, अनुप पौडेल, राजु गिरी, सुरक्षा श्रेष्ठ, विनिता सुनार, अनिता घिमिरे, अर्पण तिवारी, आशीष पुरी, दीपा पौडेल, अर्जुन थापा (मगर), सञ्जय रानाभाट, कृष्ण देवकोटा, रोजी बुढामगर, रेजिना कटवाल, सूर्य परियार, अमृतकुमार भट्टराई, काशीनाथ कुमाल, सबिन रेग्मी, रिजन ढुंगाना (दर्शन), दीपक अधिकारी, दीपेन्द्र शाही, निरज बसौला र शिव बोहरा छन्। ३ सदस्य पहिलो बैठकले मनोनित गर्ने सचिव रञ्जन अधिकारीले जानकारी दिए । प्रेस चौतारी कास्कीमा २२७ जना साधारण सदस्यहरु छन्। यसै वर्ष ५६ जना थपिएका छन्। प्रेस चौतारी नेपालको देशभरकै शाखामध्येमा कास्कीबाट नयाँ कमिटि चयन प्रक्रिया सुरु भएको छ। पुसभित्र देशभरका शाखाहरुले अधिवेशन सम्पन्न गरिसक्नेछन्।

## सञ्चारमाध्यमले जनताका पक्षमा वकालत गर्नुपर्दछ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ मंसिर**

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सञ्चारमाध्यमले सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्दै जनताको पक्षमा वकालत गर्नुपर्ने बताउनुभएको छ।

पोखराबाट नियमित प्रसारण सुरु गरेको सिटीवान टेलिभिजनको मङ्गलबार शुभारम्भ गर्दै उहाँले प्रेसले जनताको पक्षमा वकालत गर्ने दायित्व पूरा गर्न नसक्दासम्म लोकतन्त्र सवल हुन सक्दैन भन्नुभयो। उहाँले भन्नुभयो, "अहिलेको प्रतिस्पर्धाका समयमा व्यावसायिक पत्रकारितासँगै मिडियाले सरकारले गरेका कमी-कमजोरी र निम्न तहका जनताका समस्या उजागार गर्नुपर्दछ ।" प्रदेश प्रमुख गुरुङले नेपालको मिडिया क्षेत्र अहिले आम नेपालीको अधिकार सुनिश्चित गर्ने काममा निकै अगाडि रहेको उल्लेखसमेत गर्नुभयो । टेलिभिजनले मानवअधिकार र लोकतन्त्रको रक्षा गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। नेपाल पत्रकार महासङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रमेश बिष्टले सञ्चारमाध्यम खोल्ने प्रतिस्पर्धा रहेको अहिलेको समयमा व्यावसायिक पत्रकारिताको मर्म, सिद्धान्त र आदर्शलाई आत्मसात गरेर सञ्चालन गर्नु र अगाडि बढाउनु मुख्य कुरा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "टेलिभिजन र सञ्चारमाध्यमको सङ्ख्यात्मक वृद्धिसँगै जनताको मुद्दा, जनताको दुःख पीडा कति मुखरित भएको छ भन्ने महत्वपूर्ण छ । सञ्चारमाध्यम अझ बढी जनमुखी हुँदै जनताका प्राथमिकतालाई उठाउनु आवश्यक छ।" सांसद खगराज अधिकारीले आम नागरिकको स्वतन्त्रताको मिडियाको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । गण्डकी प्रदेशका शिक्षा, संस्कृति विज्ञान, प्रविधि तथा समाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले प्रदेशका समृद्धिमा टेलिभिजनले सघाउने विश्वास व्यक्त गर्नुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले उद्योग व्यवसाय,पर्यटन,शिक्षालगायतका क्षेत्रका मुद्दाहरू टेलिभिजनले उठाउनुपर्ने बताउनुभयो । टेलिभिजनका अध्यक्ष पवन कुमार प्रजापतिले कोरोनात्रासका बीचमा पनि टेलिभिजन सञ्चालनमा ल्याउनु चुनौतीपूर्ण रहे पनि दूरदराजका आवाजविहीनहरूको आवाजलाई आम दर्शकमाझ ल्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो । टेलिभिजनका कार्यक्रमहरू विभिन्न सामाजिक सञ्जाल तथा मोबाइल एप्स, वेबसाइटमार्फत हेर्न सकिने प्रबन्ध निर्देशक अनिषा श्रेष्ठले जानकारी दिनुभयो।

## कांग्रेसको १४औं महाधिवेशन ५०० मिटर क्षेत्रभित्र प्रचार सामग्री राख्न नपाइने

**रासस**
**काठमाडौं, २२ मंसिर**

नेपाली कांग्रेसले शुक्रबारदेखि सुरु हुने १४औं महाधिवेशनका लागि निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ । पार्टीको केन्द्रीय निर्वाचन समितिले बुधबार प्रकाशन गरेको निर्वाचन कार्यक्रमअनुसार अहाधिवेशन प्रतिनिधिको नामावली प्रकाशन मङ्सिर २४ गते बिहान १० बजे हुनेछ।

यसैगरी उम्मेदवार मनोनयन दर्ता मङ्सिर २५ गते बिहान १० देखि साँझ ५ बजेसम्म, उम्मेदवारी मनोनयन दर्ता उपर दाबी विरोध र जाँचबुझ मङ्सिर २५ गते साँझ ५ देखि ७ बजेसम्म र दाबी विरोधउपर निर्णय मङ्सिर २५ गते साँझ ७ देखि ९ बजेसम्म हुने समितिले जनाएको छ।

उम्मेदवारको पहिलो नामावली प्रकाशन मङ्सिर २५ गते राति ९ देखि १२ बजेसम्म, मनोनयनपत्र फिर्ता लिइसक्नुपर्ने समय मङ्सिर २६ गते बिहान ११ बजेसम्म, उम्मेदवारको अन्तिम नामावली प्रकाशन मङ्सिर २६ गते दिउँसो १२:१५ बजे र मतदान मङ्सिर २७ गते बिहान ०८ बजेदेखि हुने समितिका संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो । सभापति पदको मतगणना मतदान समाप्त भएपछि हुनेछ । सभापति पदको दोस्रो चरणको निर्वाचन गर्नुपर्ने भएमा राष्ट्रिय सभागृह, भृकुटीमण्डपमा लगत्तै गरिनेछ र सो निर्वाचनसम्बन्धी थप कार्यक्रम मतदानस्थलमा नै प्रकाशन गरिने समितिले जनाएको छ । सभापति बाहेक अन्य पदाधिकारी र सदस्य पदको मतदान समाप्त भएपछि उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिको रोहवरमा मतपेटिका सिलबन्दी गरी पार्टी केन्द्रीय कार्यालयमा सुरक्षित राखिनेछ। सभापति पदबाहेक बाँकी पदाधिकारी र सदस्यको मतगणना केन्द्रीय कार्यालय सानेपामा हुनेछ । महाधिवेशनको उद्घाटन मङ्सिर २४ गते दिउँसो १ बजे भृकुटीमण्डपमा हुने र हलमा बन्द सत्र हुनेछ। कांग्रेसले भृकुटीमण्डप र राष्ट्रियसभा गृहमा मतदान हुने जनाएको छ । मतदानमा २ ९ किसिमका मतपत्र हुनेछन् भने उम्मेदवारको सङ्ख्या र पदअनुसारका आकार र रङका मतपत्रको व्यवस्था गरिनेछ।

यसैगरी समितिले व्यक्तिगत चरित्रमा लान्छना लाग्ने गरी प्रचार गर्न नपाइने, मर्यादित र अनुशासित भइ शान्तिपूर्णरुपमा प्रचारप्रसार गर्न पाइनेलगायत आचारसंहिता पनि जारी गरेको छ । कांग्रेस केन्द्रीय कार्यालय र राष्ट्रियसभा गृह/भृकुटी मण्डप, प्रदर्शनी मार्ग यी दुई स्थान महाधिवेशनसँग सम्बन्धितस्थल रहेकाले उक्त दुई स्थानको वरिपरी ५०० मिटर क्षेत्रभित्र निर्वाचनसँग सम्बन्धित कुनै पनि प्रकारको प्रचार सामग्री व्यानर भित्तेलखन, पोष्टर, तुल, पम्प्लेट, इत्यादि टाँस्न एवं माइकिङ गर्न मनाही गरिएको छ । यस प्रकारका प्रचार सामग्री उक्त निषेधित क्षेत्रभित्र टाँसिएको,


बाँकी अन्तिम पृष्ठमा ▶▶






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# कांग्रेस केन्द्रीय सदस्यमा लक्ष्मी पाण्डेद्वारा उम्मेद्वारी घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर



महिला सशक्तिकरणका मुद्दामा होस् वा चाहे मुलुकका निम्ति प्रजातन्त्र र लोकतन्त्र सुदृढीकरणका मुद्दामा होस्, जहिल्यै अग्रपक्तिंमा देखिने अनुहारमध्येकी हुन्, कास्कीकी कांग्रेस नेता लक्ष्मी पाण्डे। नेपाली कांग्रेस जिल्ला समिति कास्कीको कोषाध्यक्षको कार्यकाल सफलतापूर्वक हालै मात्र सम्पन्न गरेकी पाण्डे केन्द्रीय राजनीतिमा 'डेब्यू' गर्ने आंकाक्षा व्यक्त गरेकी छन्।

मंसिर २४ देखि २७ सम्म काठमाडौंमा आयोजना हुने नेपाली कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशनमा उनी केन्द्रीय सदस्यमा उम्मेद्वारी दिने भएकी हुन्। उनी कास्की क्षेत्र नम्बर २ बाट केन्द्रीय महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुन्।

तीन दशकभन्दा बढी अवचिलित कांग्रेसको राजनीतिमा क्रियाशिल पाण्डे तमाम् महिलाहरु निम्ति प्रेरणाको स्रोत बनेकी छन्। साथै, उनले सम्हाल्ने जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्ने गरेकी छन्। त्यसको पछिल्लो उदाहरण हो कास्की समितिको कोषाध्यक्षको कार्यकाल।

देशभरीका कांग्रेस जिल्ला समिति कोषाध्यक्षहरुको राष्ट्रिय समितिको महासचिव रहेकी पाण्डेले २०७६ चैतमा एउटा सम्मेलन पोखरामा आयोजना गर्न सफल भएकी थिइन्। 'महिलालाई नेतृत्व दिएको ठाउँ असफल भएको छैन,' उनी भन्छिन्, 'त्यसकै दृष्टान्त कास्कीमा मैले कांग्रेसको कोषाध्यक्ष हुँदा जिम्मेवारी निभाएर प्रमाणित गरेकी छु भन्ने ठानेकी छु र सबै प्रतिनिधिहरुले मलाई हौसला दिनुभएको छ।' कोषाध्यक्षहरुको राष्ट्रिय समितिले पनि आफूलाई केन्द्रीय सदस्यमा उभ्याएको पाण्डे सुनाउँछिन्। नेपाल विद्यार्थी संघबाट राजनीति थालेकी पाण्डे कास्की कांग्रेसको कोषाध्यक्ष हुनुपूर्व क्षेत्रीय इकाई सभापति भएकी थिइन्। त्यसैगरी उनले जिल्ला महिला संघ कास्कीको पनि नेतृत्व सम्हालेकी थिइन्।

नेविसंघका राजनीतिक आन्दोलनका क्रममा र २०६२/०६३ को जनआन्दोलनमा उनी पटकपटक प्रहरी गिरफ्तारीमा परेकी थिइन्। स्थानीय तह, प्रदेश र संघीय निर्वाचनमा पनि जिल्ला कोषाध्यक्ष हुँदै गर्दा आर्थिक संयोजक भएर कुशलतापूर्वक जिम्मेवारी पाण्डेले सम्पन्न गरिन्। लामो समयको निरन्तरता र मुलुकको व्यवस्था परिवर्तनमा योगदान पुऱ्याएकी पाण्डेले पार्टीलाई सुदृढ र नयाँ पुस्तामाझ आकर्षणीय बनाउन आफूलाई समर्पित गर्ने प्रतिबद्धता जनाएकी छन्। 'कांग्रेसप्रति यससमय नयाँ पुस्ताको लोभलाग्दो आकर्षण देखिन्छ। तर पार्टीका भातृ संघहरुमा लामोसमयदेखि नेतृत्व हस्तान्तरणका सवालहरु उठेका छन्,' उनी भन्छिन्, 'यसलाई सम्बोधन गराउनका लागि पनि आवाज उठाउने ठाउँमा मेरो आवश्यकता सबैले महशुस गरेको बोध मैले गरेकी छु।' पार्टीलाई सशक्त र समाजमा चलायमान बनाउन इच्छाशक्ति भएको नेतृत्व आवश्यक हुने हुँदा प्रतिनिधिहरुले सो अनुसारको नेतृत्व चयन गर्नेमा उनी आशावादी छन्। 'जो व्यक्ति सामाजिक हुँदैन, त्यो राजनैतिक हुन सक्दैन र जो व्यक्ति राजनैतिक हुँदैन त्यो सामाजिक हुन सक्दैन' भन्ने मान्यता राख्ने पाण्डे दुई कार्यकाल पोखराको नव आदर्श क्लबमा दुई कार्यकाल सचिव भई जिम्मेवारी सम्पन्न गरेकी थिइन्।

हालसम्म पार्टीका विभिन्न जिम्मेवारीमा रहँदा जस्तै कार्यभार प्रतिनिधिहरुले केन्द्रीय समितिमा पुऱ्याएर पुनः सुम्पिनेमा उनी विश्वस्त छिन्। 'अवसर पाएमा प्रमाणित गर्ने ठाउँमा म पुग्ने छु। आशा छ, महाधिवेशन प्रतिनिधिहरुले मलाई केन्द्रीय समितिमा अवसर दिनुहुने छ।'



थ्रेसरको प्रयोग बढेसँग दाइँ गर्नेमा कमी : पोखरा-२८, लामतारीका स्थानीय किसान दाइँ हाल्दै। पछिल्लो समय थ्रेसरको प्रयोग बढेसँगै दाइँ संस्कृति कम हुन थालेको छ। तस्वीर : जमुनावर्षा शर्मा

# पोखरामा नाटक लेखन कार्यशाला आयोजना हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

गण्डकी प्रज्ञा प्रतिष्ठानले आगामी पुसमा नाटक लेखन कार्याशालासहितका विभिन्न छ कार्यक्रम आयोजना गर्ने भएको छ।

साहित्यका सबै विधालाई एकसाथ अगाडि बढाउन खोजेको प्रतिष्ठानले पुसमा नाटक लेखन कार्यशालासहित नेवार समुदायको कुमारी र धिमे नृत्यको कार्यशाला, स्थापित जातिको भाषाको कार्यशाला, पञ्चेबाजा प्रशिक्षण, कवि गोष्ठीका साथै मुख्यमन्त्रीसँग बाल साहित्य कार्यक्रम दोस्रो शृङ्खला आयोजना गर्ने प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार नाटक लेखन कार्यशाला पुस १ देखि ११ गतेसम्म बिहान १०.०० देखि साँझ ५.०० बजेसम्म गरिनेछ। एघार दिनसम्म पूरा समय दिनसक्ने व्यक्तिलाई मात्र कार्यशालामा सहभागी गराउने जानकारी दिँदै उहाँले सहभागिताका लागि नाटकको नमूना पठाउनुपर्ने बताउनुभयो। इच्छुकले एक हजार शब्दमा नबढाई नमूना नाटक लेखेर मङ्सिर २३ गते बेलुका ५.०० बजेसम्म पठाइसक्नुपर्ने आयोजकले जनाएको छ। आवेदनमा परेका नाटकमध्येबाट बढीमा आठ आवेदकलाई उत्कृष्टताका आधारमा छनोट गरी कार्यशालामा सहभागी गराउने तयारी गरिएको कार्यक्रमका संयोजक प्राज्ञ सुरेन्द्र गुरुङले जानकारी दिनुभयो।

पोखरा प्रज्ञा प्रतिष्ठान कार्यशालाको आयोजक हो भने पोखरा थिएटरको सहआयोजक छ। पोखरा थिएटरको गन्धर्व नाटक घरमा आयोजना हुने कार्यशालाको सहजीकरण लेखक, निर्देशक तथा कलाकार खगेन्द्र लामिछानेले गर्नुहुनेछ। यस अगाडि गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा नाटक निर्देशन कार्यशाला सम्पन्न भएको छ। प्रतिष्ठानको आयोजनामा पुस ४ बाट ८ गतेसम्म स्याङ्जा जिल्लाको वालिङमा नेवार समुदायको कुमारी र धिमे नृत्यको कार्यशाला गरिने प्रतिष्ठानले जनाएको छ। सप्तक सङ्गीत सांस्कृतिक केन्द्रसँगको सहकार्यमा हुन लागेको कार्यशालामा २५ जनालाई सहभागी गराइने कार्यक्रम संयोजक प्राज्ञ गमबहादुर गुरुङले जानकारी दिनुभयो। त्यस्तै स्थापित जाति विस्थापित भाषाको दुई महिने कार्यशाला पुस १० गतेदेखि गरिने र यो प्रदेशका माग भएका जिल्लामा गरिने सदस्यसचिव श्रेष्ठले जानकारी दिनुभयो। गण्डकी प्रदेशअन्तर्गतका ८४ जातिमध्ये क्रमाङ्क १ देखि २० सम्मका २० जातिको अध्ययन गरिने र प्रत्येकको तीन संस्कृति तथा पाँच बाजाको अध्ययन गरेर ती जाति, संस्कृति र बाजाका बारेमा पुस्तक तयार पार्ने प्रतिष्ठानको योजना छ। अध्ययनलाई आधार बनाएर विद्यालयअन्तर्गतको पाठ्यक्रम तयार गर्ने र आउने नयाँ शैक्षिक सत्रबाट ऐच्छिक विषयका रूपमा विद्यालयमा लैजाने प्रतिष्ठानको तयारी रहेको श्रेष्ठले जानकारी दिनुभयो। प्रतिष्ठानले पुस महिनामा नै पञ्चेबाजा प्रशिक्षण कार्यक्रम गर्ने तयारी गर्नुका साथै पुस महिनाको दोस्रो हप्ता म्याग्दीमा कवि गोष्ठीको आयोजना गर्न लागेको छ।

प्रतिष्ठानले साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यसको संरक्षण तथा प्रवर्द्धन गर्न प्रतिष्ठान सधैँ क्रियाशील बन्ने कुलपति सूर्य खड्का विखर्चीले जानकारी दिनुभयो। प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन, अनुसन्धान र संवर्द्धनका लागि निरन्तर कार्य गर्ने उहाँले बताउनुभयो।

# फेन्सी व्यवसायीद्धारा ५५ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

फेन्सी तथा रेडिमेट व्यवसायि संघ कास्कीद्धारा आयोजित रक्तदान कार्यक्रममा ५५ युनिट रगत संकलन भएको छ।

रक्त सञ्चार केन्द्र रामघाटको प्राविधिक सहयोग पोखराको मुख्य बजार महेन्द्रपुलचोकमा आज आयोजित कार्यक्रममा सात जना नयाँ रक्तदाता सहित ५५ जनाले रक्तदान गरेका हुन। रक्त सञ्चार केन्द्र रामघाट पोखराका प्राविधिक महेन्द्र केसीले पहिलो रक्तदाता रविन पुनलाई ब्लडव्याग हस्तान्तरण गरेर कार्यक्रमको शुभारम्भ गर्दै रक्तदानको आवश्यकता र महत्व माथि चर्चा गर्नुभएको थियो।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष पवन प्रजापतिले सबै भन्दा महत्वपूर्णदान रक्तदान भएको बताउँदै खेर जाने रगतदान गर्दा अरुको ज्यान बचाउन सकिने स्पष्ट पार्नुभयो। संघका अध्यक्ष राजु पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा च्याम्वर अफ कमर्सका उपाध्यक्ष उमराज बाँस्तोला, संस्थापक अध्यक्ष कमलनाथ कुँवर, सल्लाहकारहरु मिनराज काफ्ले, केशवबहादुर खत्री, गिरिधारी अधिकारी, निवर्तमान अध्यक्ष प्रदिप मुल्मी कार्यक्रम संयोजक यादवप्रसाद पोखरेल लगायतले रक्तदानको महत्व माथि प्रकाश पार्नुभएको थियो। संघका प्रथम उपाध्यक्ष एकनारायण पनेरुले स्वागत गर्नुभएको कार्यक्रम महासचिव नारायणी दवाडीले सञ्चालन गर्नुभएको थियो।

## कांग्रेस...

राखिएको देखिएमा समितिले हटाउने जनाएको छ। साथै मतदानस्थल (भृकुटीमण्डप/राष्ट्रियसभा गृह) भित्र मोबाइल फोन लिएर जान नपाइने आचारसंहितामा उल्लेख छ। कांग्रेस केन्द्रीय कार्यसमितिका लागि एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ। कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्य मध्येबाट निर्वाचित हुने व्यवस्था छ। यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाती १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्बाट एक सदस्य गरी कुल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानको व्यवस्था छ। यस बाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ।

यस महाधिवेशनमा प्रत्येक प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट २६ जनाका दरले निर्वाचित हुने, तथा पार्टीका भातृ र शुभेच्छुक संस्थाबाट एवम् विदेशस्थित जनसम्पर्क समितिबाट गरी करिब चार हजार ७०० महाधिवेशन प्रतिनिधि रहने कांग्रेसले जनाएको छ।

# आइटिएफ वर्ल्ड टेनिस: एकलतर्फ नेपाली खेलाडीको जीत

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

पोखरामा जारी 'आइटिएफ गर्ल्स/ब्वाइज यु-१८ वर्ल्ड र्याङ्किङ टेनिस टुर जे-५ सर्किट-२' अन्तर्गत आजका खेलमा नेपाली खेलाडीले मिश्रित नतिजा निकालेका छन्। एकलतर्फ महिला तथा पुरुषका केही खेल जितेका नेपाली खेलाडीले 'डबल्स'तर्फ भने पराजित भए।

पोखरा रङ्गशालास्थित टेनिस कम्प्लेक्समा सम्पन्न खेलमा महिला एकलतर्फ नेपालका सर्भानी श्रेष्ठले भारतका मेहर मिश्रालाई समान ७-५ अङ्कले पराजित गर्नुभयो। यसैगरी नेपालका सलोनी तामाङले भारतका भान्सिका मारियालाई ६-२, र ६-३ अङ्कले तथा अभिलाषा विष्टले भारतका दीभा भट्टलाई टाइब्रेकरमा ३-६, ७-५ र ६-२ अङ्कले पराजित गर्नुभयो। नेपालका शुभाङ्गी लक्ष्मी शाहले भारतका मिली चुग माथि ६-० र ६-१ अङ्कको जीत निकाल्न सफल हुनुभयो। महिला एकलका अन्य खेलमा भारतका रिया दुगर, तनुश्री पाण्डे, शुखमनी भण्डारी र सम्रिता वर्मा जीत हासिल गर्नुभयो। पुरुष एकलतर्फ नेपालका आरभ सम्राटले अमेरिकाका जय दत्तलाई ६-१ र ६-१ को सोझो सेटमा पराजित गर्नुभयो। अर्को खेलमा नेपालका अर्यान गिरीले डेनमार्कका अलेक्जेण्डर क्लसेनलाई १-६, ७-५ र ६-२ ले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गर्नुभयो।

पुरुष एकलतर्फ अमेरिकाका सिद्धार्थ लामा, हङ्गेरीका लरेन्ट ग्योरी, भारतका दक्षप्रसाद, स्विडेनका इमिलोयो जियलकोस्की, अमेरिकाका मिथर व्यारेट र भारतका हितेश चौहानले आ-आफ्नो खेल जित्दै क्वाटरफाइनलमास्थानबनाउनुभयो। पुरुष डबल्सतर्फ नेपालका आरभ सम्राट हाडा र अकि जुवेन रावतको जोडी प्रतियोगिताबाट बाहिरिएको छ। आरभ र अकीको जोडी भारतका चन्दन शिवराज र क्रिस त्यागीसँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएका हुन्। निकै प्रतिस्पर्धात्मक सुपरटाई खेलमा पहिलो सेट ७-६ अङ्कले गुमाएका आरभ र अकीले दोस्रो सेटमा खेलमा फर्किंदै ४-६ ले आफ्नो पक्षमा पार्नु भए पनि अन्तिम सेट १०-८ अङ्कले गुमाउनुभयो। यसैगरी डबल्सतर्फको अर्को खेलमा नेपालका निशान श्रेष्ठ र निहाल जङ्ग थापाको जोडीलेसमेत सुपरटाइमा नै आफ्नो खेल गुमाउन पुग्नुभयो। भारतका विभु चालागुन्डाला र अनर्व यादवसँग उहाँहरु ०-६, ६-४ र १०-७ ले पराजित हुनुभयो। डबलसतर्फ भारतका कविर छावरिया र दक्ष प्रसादको जोडीले ब्राजिलका व्रेनु रोजेतो र स्विडेनकाइमिलोयोजियलकोस्कीको जोडीलाई पराजित गर्नुभयो। महिला डबल्सतर्फ नेपालका प्रकृती श्रेष्ठ र सुनिरा थापाको जोडी भारतका रिया डुगर र तनुश्री पाण्डेसँग ६-३ र ६-२ अङ्कको सोझो सेटमा पराजित हुनुभयो।

# मन्त्री विश्वकर्माले केन्द्रीय सदस्यमा उम्मेदवारी दिने

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

गण्डकी प्रदेशका बिनाविभागीय मन्त्री डोवाटे विश्वकर्माले नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ। तनहुँ क्षेत्र नम्बर १ बाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित विश्वकर्माले दलिततर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिने घोषणा गर्नुभएको हो।

दलित समुदायका साथै विपन्न वर्गको उत्थानमा लागेर राजनीतिक कदमलाई अगाडि बढाउन उम्मेदवारी दिन लागेको विश्वकर्माले बताउनुभयो। गरिब तथा निमुखाको उत्थानका लागि कांग्रेसले गरेको आन्दोलनलाई सार्थक तुल्याउने उद्देश्यसहित केन्द्रीय सदस्यमा उम्मेदवारी दिने उहाँको भनाइ छ। "सबैको सल्लाह, सुझावअनुसार केन्द्रीय सदस्यमा उम्मेदवारी दिन लागेको छु", उहाँले भन्नुभयो, "सबै महाधिवेशन प्रतिनिधिको साथ र सहयोग रहनेमा ढुक्क छु।"


## के तपाईंमा यौनसम्बन्धी समस्या छ

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
- **महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- **सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
- **मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपाल, छाला तथा यौन रोगको उपचार

यही मिति २०७८ मंसिर २५ गते शनिबार

काठमाडौं ब्याम्स हस्पिटलमा कार्यरत विशेषज्ञ डा. कमल राज घिताल कपाल, छाला तथा यौन रोग विशेषज्ञ यस आरोग्य फार्मेसीमा आउनुहुने भएकोले निम्न समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला।

परीक्षण तथा उपचार गरिने रोगहरु :-



**कपाल** कपाल झरेको, उमेर अगाडि नै टाउकाको अगाडिको भागमा कपाल नभएको, झरेको, कपालमा टाट्‌ परेको, कपालका कुनै पनि समस्या भएका, कुनै रोगका कारण कपाल झरेका, ज्वरो, टाइफाइड, कोभिड आदि कपाल उमार्न, लामो बनाउन, कपाल रोप्न तथा कपाल लामो र बाक्लो बनाउन चाहनु हुने बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

**छाला रोग** कालो पोतो, डण्डीफोर, अनुहारमा हुने दागहरु पिलाउने, दुवी, सोरायसिस, नयाँ पुराना छालाका कुनै पनि रोगहरु भएका बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

**यौन** यौन रोग तथा समस्या, यौन इच्छा हुने तर कमजोर हुने, कुनै पनि यौन सम्बन्धी समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला।

बिरामी परीक्षण: बिहान ९ बजेबाट ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ।

**सम्पर्क: आरोग्य फार्मेसी**
पोखरा-१०, इन्द्रचोक, पोखरा, रंगशाला नजिकै
फोन नं.: ०६१-४३०४०७, ९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।